REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date: 12.04.2025

PM-Address: NSD

प्रधानमन्त्री नरेन्द्र मोदीले आज साँझ ८ बजे राष्ट्रलाई सम्बोधन गर्नुहुनेछ। उहाँको यो सम्बोधन भारतले सुरु गरेको अपरेशन सिन्दूरको सन्दर्भमा हुनेछ। बदलाको कारबाहीमा भारतले पाकिस्तानका धेरै आतङ्कवादी र सैन्य अड्डाहरू ध्वस्त पाऱ्यो र एक सयभन्दा बढी आतङ्ककारीहरूलाई माऱ्यो। आजै दिउँसो, प्रधानमन्त्रीले नयाँ दिल्लीमा उच्चस्तरीय बैठकको पनि अध्यक्षता गर्नुभयो, जसमा केन्द्रीय रक्षामन्त्री राजनाथ सिंह, विदेशमन्त्री एस जयशंकर, राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाल, रक्षा प्रमुख जनरल अनिल चौहान, तीनै सशस्त्र बलका प्रमुखहरू र अन्य वरिष्ठ अधिकारीहरू उपस्थित थिए। त्यसैगरी, एयर मार्शल एके भारतीले आज दिल्लीमा अपरेशन सिन्दूरबारे मिडियालाई जानकारी दिँदै, भारतीय सेनाले देशको नागरिक र सैन्य पूर्वाधारमा कसरी क्षति कम गऱ्यो भन्नेबारे विवरण पेश गर्नुभयो।

CM-Budha Janyanti: CM Facebook

मुख्यमन्त्री प्रेमसिंह तामाङले बुद्ध पूर्णिमाका अवसरमा सिक्किमवासी र विश्वभर यो दिवस मनाइरहेका सबैलाई हार्दिक शुभकामना व्यक्त गर्नुभयो। उहाँले भन्नुभएको छ, हामीले यो पवित्र दिन एकसाथ मनाउँदा, भगवान बुद्धका मूल्यमान्यताहरूप्रति आफ्नो प्रतिबद्धतालाई पुन: पुष्टि गरौँ। साथै, उहाँले बुद्ध पूर्णिमाले प्रत्येक परिवारमा आनन्द, सद्भाव र आन्तरिक शान्ति ल्याओस् र सबै सिक्किमेली जनतामा एकता र करुणाको भावना बलियो बनाओस् भन्ने कामना गर्नुभयो। त्यसरी नै, मुख्यमन्त्रीले श्यादर पिदारका अवसरमा सिक्किमवासीलाई, विशेष गरी सुनुवार समुदायलाई शुभकामना दिँदै, यो पवित्र अवसरले हामी सबैलाई आफ्नो दैनिक जीवनमा यसका मूल्यमान्यताहरूलाई कायम राख्न अनि प्रकृति माताको संरक्षण र सम्मान गर्ने हाम्रो जिम्मेवारीलाई ध्यान दिन प्रेरित गर्दछ भन्नुभयो। साथै, मुख्यमन्त्रीले

नर्स दिवसका अवसरमा सिक्किमलगायत विश्वभरिका नर्सहरूप्रति आभार व्यक्त गर्दै, नर्सहरू स्वास्थ्य सेवाका धड्कन हुन्, जसले उपचार मात्र नभई करुणा र हेरचाह पनि प्रदान गर्दछन् भन्नुभयो। यस वर्षको नर्स दिवसको विषय “हाम्रा नर्सहरू, हाम्रो भविष्य, हेरचाहको आर्थिक शक्ति" रहेको छ।

Buddha Purnima-Changchu Nyingmapa Gumpa: IPR

याङ्गाङको गुरुङ गुम्पा भनेर चिनिने चाङ्चु न्यिङमापा गुम्पामा आज बुद्ध पूर्णिमा ठूलो भक्तिभावका साथ मनाइयो। कार्यक्रममा विधानसभा उपाध्यक्ष राजकुमारी थापा उपस्थित हुनुहुन्थ्यो। कार्यक्रम अवधि महामहिम खान्डु माँ र सम्मानित गुरुहरूले विशेष प्रार्थना गरे। प्राचीन पवित्र शास्त्रहरू परिक्रमाका लागि बाहिर निकालियो र भक्तहरूले यस आध्यात्मिक यात्रामा भाग लिएर आशीर्वाद प्राप्त गरे। खान्डु माँले उपस्थित सबैलाई वाङ पनि दिनुभयो। बुद्ध पूर्णिमा बौद्ध धर्मावलम्बीहरूका लागि सबैभन्दा महत्त्वपूर्ण दिनहरूमध्ये एक हो, यसले भगवान बुद्धको जन्म, ज्ञान प्राप्ति र निधनको उत्सव मनाउँछ। प्रत्येक वर्ष, चाङ्चु गुम्पाले समुदायको शान्ति, सद्भाव र समृद्धिका लागि यो विशेष कार्यक्रम आयोजना गर्दछ।

Football: Sagar Chettri

सिक्किम प्रिमियर लिग २०२५ को लिग चरणको च्याम्पियन सिक्किम ड्र्यागन एफसी बनेको छ भने थन्डरबोल्ट नर्थ युनाइटेडले दोस्रो स्थान ओगटेको छ। त्यसैगरी, डिफेन्डिङ च्याम्पियन सिङलिङ एफसी तेस्रो स्थानमा छ भने आक्रमण एफसी चौथो स्थानमा छ। यी चार शीर्ष टोली अब सिक्किम प्रिमियर लिग २०२५ को नकआउट चरणमा प्रवेश गरेका छन्। भोली १३ मे को दिन दिउँसो १२ बजे नाम्चीको भाइचुङ स्टेडियममा पहिलो सेमिफाइनल खेलमा थन्डरबोल्ट नर्थ युनाइटेड र सिङलिङ एफसीबीच भिडन्त हुनेछ भने दोस्रो सेमिफाइनल खेल त्यही दिन अपराह्न साँढे चार बजे पाल्जर स्टेडियममा सिक्किम ड्र्यागन एफसी र आक्रमण एफसीबीच हुनेछ।

Karate: Sagar Chettri

मे १० र ११ मा थिम्पुमा आयोजित भुटान ओपन कराते च्याम्पियनशिप २०२५ मा सिक्किमका कराते खेलाडीहरूले कुल आठ पदक जितेका छन्। सिक्किम राज्य कराते-डो संघको टोलीले यस दुईदिने च्याम्पियनशिपमा पाँच स्वर्ण, दुई रजत र एक काँस्य पदक जितेको छ। तेनसुङ नामग्याल भोटियाले काता र कुमिते दुवैमा दुई स्वर्ण पदक जितेका छन् भने अन्य स्वर्ण पदक विजेताहरू एलिशा राई, अरिसा छेत्री र अयान प्रधान रहेका छन्। त्यस्तै, नोल्हा ग्याल्छेनले काता र कुमिते दुवैमा दुई रजत पदक जितेका छन् भने अंशुमन सापकोटाले एक काँस्य पदक जितेका छन्। सिक्किम टोलीको नेतृत्व टोली प्रशिक्षक बिमला तामाङले गरेकी थिइन्।